# यमुनामाई गाउँपालिका

## विनियोजन ऐन, २०८२

यमुनामाइ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीयसञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः२०८२/०४/०६ गते

**प्रस्तावनाः**

यमुनामाईगाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागिसञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीयभएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम यमुनामाईगाउँपालिकाको गाउँ सभाले यो ऐनबनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"यमुनामाई गाउँपालिकाको विनियोजन ऐन,२०८२"**रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष२०८२।०८३ को निमित्त गाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा रकार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु ३७९७२७१४२।०० मा नबढाईनिर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष२०८२।०८३ को निमित्त गाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनिगाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिनेसेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचतहुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मारकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चर वित्तीय व्यवस्थापन तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्थाअन्तर्गत साँवा भुक्तानी खर्चतर्फबिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्कोस्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षककोजम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि–१

(दफा २ सग सम्बन्धित)

नेपालको सविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनु दान सं ख्या | शीर्षकको नाम | चालु व | पूँजीगत खर्च | वित्तिय व्यवस्था | राजश्व बाँडफाँड तथा आन्तरिक आय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | ७ |
| २ | | गाउँ कार्यपालिका स्तरीय कार्यक्रम | १५२६००००० | ३३४००००० | ६९६००००० | ८६७२२४८१ | ३४२३२२४८१ |
| ३ | | वडा स्तरीय कार्यक्रम | | | २२५००००० | | २२५००००० |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - | | - |
| ६ | | अल्या | ७५९५७२५ | २२०८९३६ | - | - | ९८०४६६१ |
| ७ | | आन्तरिक आय | ५१००००० | - | - | - | ५१००००० |
| | | | | | जम्मा | | ३७९७२७१४२ |

सम्वत २०८२ साल भाद्र ६ गते गाँउसभा द्वारा पारित यमुनामाई गाँउपालिकाको बिनियोजन ऐन २०८२, प्रमाणित गर्दछु।

मितिः २०८२।०४।०६ गते

.............................................

श्री महमद सउद

अध्यक्ष

यमुनामाई गाँउपालिका